# सन्धिखर्क नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

सन्धिखर्क,अर्घाखाँची लुम्बिनी प्रदेश ,नेपाल

नगरकार्यपालिकाको कार्यालय सन्धिखर्क,अर्घाखाँची लुम्बिनी प्रदेश,नेपाल

### प्रस्ताब आह्वान सम्बन्धी सूचना!

प्रथम पटक प्रकाशित मितिः२०८०/१०/०८

यस सन्धिखर्क नगरपालिका पशु सेवा शाखाको आ.व.२०८०/८१ मा स्वीकृत सामुदायिक कुकुरहरुमा बन्ध्याकरण तथा रेबिज भ्याक्सिनेसन शिविर कार्यक्रम रहे अनुसार यस सन्धिखर्क नगरपालिका क्षेत्रमा रहेका सामुदायिक कुकुरहरुमा बन्ध्याकरण तथा भ्याक्सिनेसन कार्य संचालन गर्न इच्छुक तपसिल अनुसारको मापदण्ड पुरा गर्ने कृषि तथा पशु विज्ञान क्षेत्रमा कार्य गरेको सँस्था/फर्महरुलाई तपसिल बमोजिमका कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात मिति २०८०/१०/२२ गते कार्यालय समय भित्र यस नगरपालिकाको पशु सेवा विकासमा प्रस्ताव दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क्र.स. | विवरण | स्थान | बजेट रकम रु. (सम्पूर्ण करसहित) | बन्ध्याकरण गर्नु पर्ने कुकुर संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | बन्ध्याकरणको लागि संस्थालाइ प्रदान गरिने | सन्धिखर्क नगरपालिकाको सन्धिखर्क बजार तथा नरपानी क्षेत्र | ८,५०,०००।- | २५०(न्युनतम) | |

आवश्यक कागजातहरुः

१. फर्म/सँस्था नवीकरण भएको दर्ता प्रमाणपत्र, प्यान दर्ता, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।

२. कार्यक्रमको परिचय, उद्देश्य, आवश्यकता, कार्यक्रम संचालन विधि, निष्कर्ष तथा आर्थिक खर्च विवरणसहितको प्रष्ट बुझिने प्रस्तावपत्र।

३. कुकुर बन्ध्याकरण सम्बन्धी कार्य गरेको अनुभव पत्रको प्रतिलिपि।

४. बन्ध्याकरण कार्यमा संलग्न हुने कुनै २ जना पशु चिकित्सकको लाईसेन्स प्रमाणपत्रको प्रतिलिपि।

शर्तहरुः

१. कुकुरलाई नियन्त्रणमा लिने तथा कुकुरलाई सम्बन्धीत ठाउँमा छाड्ने जिम्मा संस्थाको हुनेछ।

२. कुकुरको बन्ध्याकरण कार्य दक्ष लाइसेन्स प्राप्त पशु चिकित्सकले मात्र गर्नुपर्नेछ।

३. सल्यक्रिया गर्नु १ एक दिन अगाडी नै कुकुरलाई सल्यक्रिया गर्ने ठाउँमा लगेर आवश्यक स्वास्थ्य परिक्षण गरि स्वास्थ्य अवस्था सामान्य भएमा मात्र सल्यक्रिया कार्य गर्नुपर्नेछ।

४. सल्यक्रिया गरेको कुकुरलाई कम्तीमा २४ घण्टा पोस्ट-अपरेटिभ केयरको लागि होल्डिंगमा राख्नुपर्नेछ।

५. पोस्ट-अपरेटिभ केयरमा कुकुरलाई होल्डिंगमा राख्दा आवश्यक पर्ने खाना(Dog Feed)को व्यवस्था संस्थाले गर्नुपर्नेछ।

६. कार्यक्रम उद्घाटन, समापन, बन्ध्याकरण स्थल व्यवस्थापन लगायत सम्पूर्ण व्यवस्थापन संस्थाले गर्नेछ।

७. बन्ध्याकरण गरिसकेपछी कुकुरलाई अनिवार्य ट्यागिंग गर्नुपर्नेछ।

८. शिविर संचालनमा सहभागी टोलीको खाना, आवास, यातायात खर्च, पारिश्रमिक, मेडिकल एक्युप्मेन्ट, औषधिलगायत सम्पूर्ण व्यवस्था सम्बन्धित संस्थाले स्वीकृत बजेटको परिधि भित्र रही स्वीकृत आर्थिक प्रस्तावना अनुसार गर्नुपर्नेछ।

९. कार्यक्रमको अनुगमन तथा रेविज भ्याक्सिन उपलब्ध सन्धिखर्क नगरपालिकाले गर्नेछ।

२०८०/१०/८

प्रमुख प्रशासकीय अधिकृत

☎ ०७७-४२०११२, ४२०८८२ E-mail:- sandhikharkamunicipality@gmail.com URL:-http://www.sandhikharkamun.gov.np